# गेरुवा गाउँपालिका
# २०७५

## सत्ताईसौं कार्यपालिका बोर्ड बैठक
**१० असार, २०७५**

| | | |
|---|---|---|
| गाउँपालिका | : | गेरुवा गाउँपालिका |
| स्थान | : | पशुपतिनगर,बर्दिया |
| प्रदेश | : | ५ नं. प्रदेश, नेपाल |

**आज मिति २०७५ साल असार १० गतेका दिन गेरुवा गाउँपालिकाका अध्यक्ष श्री जमानसिंह के.सी. ज्यू को अध्यक्षतामा कार्यपालिकाको सत्ताइसौं बोर्ड बैठक बस्यो, उपस्थिति तथा निर्णय देहाय वमोजिम छ ।**

**उपस्थिति**

श्री जमान सिंह के.सी. - अध्यक्ष

श्री हिमा कुमारी थरुनी - उपाध्यक्ष

श्री दयाराम बैद्य थारु - वडाअध्यक्ष, वडानं. १

श्री आलोक कुमार थारु - वडाअध्यक्ष, वडानं. २

श्री पुनाराम थारु - वडाअध्यक्ष, वडानं. ३

श्री बल बहादुर चलाउने- वडाअध्यक्ष, वडानं. ४

श्री धर्म प्रकाश थारु - वडाअध्यक्ष, वडानं. ५

श्री टेक बहादुर चौधरी - वडाअध्यक्ष, वडानं. ६

श्री शान्ती चौधरी - सदस्य

श्री राजु बडुवाल खत्री - सदस्य

श्री चन्द्ररुपा कामी - सदस्य

श्री मोवीला शर्मा पौडेल - सदस्य

श्री लक्षिण बहादुर नेपाली - सदस्य

श्री बम बहादुर वि क. - सदस्य

श्री ठाकुर प्रसाद चौधरी - नि. प्रमुख प्रशासकीय अधिकृत सदस्य-सचिव

**प्रस्तावहरु**

**१) आर्थिक विधेयक २०७५ स्वीकृत गर्ने सम्बन्धमा ।**
**२) विनीयोजन विधेयक २०७५ स्वीकृत गर्ने सम्बन्धमा ।**
**३) आ.व. २०७५।७६ को नीति तथा कार्यक्रम स्वीकृत गर्ने सम्बन्धमा ।**
**४) एककिृत सम्पती कर निर्देशिका २०७५ स्वीकृत गर्ने सम्बन्धमा ।**
**५) भवन निर्माण तथा योजना सम्बन्धी मापदण्ड २०७५ स्वीकृत गर्ने सम्बन्धमा ।**
**६) Rural Municipality Transport Master Plan ( RMTMP) स्वीकृत गर्ने सम्बन्धमा ।**
**७) चालु आ.व. ०७४।७५ को वार्षिक बजेट तथा कार्यक्रम संशोधन गर्ने सम्बन्धमा ।**
**८) बिबिध**

**(क) आगामी बोर्ड बैठक बस्ने सम्बन्धमा**

**निर्णयहरु :-**

**१) आर्थिक विधेयक २०७५ स्वीकृत गर्ने सम्बन्धमा ।**

प्रस्ताव नं. १ माथि छलफल गर्दा गेरुवा गाउँपालिका अन्तर्गत आ.व. ०७५।७६ मा स्थानीय कर तथा शुल्क संकलन गर्नको लागि कर दस्तुर शुल्कको दर रेट भएको गेरुवा गाउँपालिकाको आर्थिक विधेयक २०७५ माथि छलफल गरि पारित गरियो । उक्त विधेयकलाई स्वीकृतिको लागी तेस्रो गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

**२) विनीयोजन विधेयक २०७५ स्वीकृत गर्ने सम्बन्धमा ।**

प्रस्ताव नं. २ माथि छलफल गर्दा गेरुवा गाउँपालिकाको आ.व. २०७५।७६ को लागि संचित कोषबाट हुने व्यय अनुमान समावेश भएको विनीयोजन विधेयक २०७५ माथि छलफल गरि पारित गरियो । उक्त विधेयकलाई स्वीकृतिको लागी तेस्रो गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

**३) आ.व. २०७५।७६ को नीति तथा कार्यक्रम स्वीकृत गर्ने सम्बन्धमा ।**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा गेरुवा गाउँपालिकाको आ.व. २०७५।७६ को नीति कार्यक्रम तथा बजेट माथि छलफल गरि पारित गरियो । उक्त नीति कार्यक्रम तथा बजेट लाई स्वीकृतिको लागि तेस्रो गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

**४) एककृित सम्पती कर निर्देशिका २०७५ स्वीकृत गर्ने सम्बन्धमा ।**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा गेरुवा गाउँपालिकाको आ.व. २०७५।७६ को एकिकृत सम्पती कर निर्देशिका माथि छलफल गरि पारित गरियो । उक्त एकिकृत सम्पती कर निर्देशिका लाई स्वीकृतिको लागी तेस्रो गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

**५) भवन निर्माण तथा योजना सम्बन्धी मापदण्ड २०७५ स्वीकृत गर्ने सम्बन्धमा ।**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा पानोरामा रिसर्च सेन्टर प्रा.ली., अनामनगर, काठमाडौ ले तयार गरेको गेरुवा गाउँपालिकाको भवन निर्माण तथा योजना सम्बन्धी मापदण्ड २०७५ माथि छलफल गरी स्वीकृत गरियो । उक्त भवन निर्माण तथा योजना सम्बन्धी मापदण्ड २०७५ लाई स्वीकृतिको लागी तेस्रो गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

**६) Rural Municipality Transport Master Plan ( RMTMP) स्वीकृत गर्ने सम्बन्धमा ।**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा ईन्टेन्सीभ स्टडी तथा रिसर्च सेन्टर प्रा.ली., काठमाडौ ले तयार गरेको Rural Municipality Transport Master Plan ( RMTMP) माथि छलफल गरी स्वीकृत गरियो । उक्त गुरुयोजना लाई स्वीकृतिको लागी तेस्रो गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

**७) चालु आ.व. ०७४।७५ को वार्षिक बजेट तथा कार्यक्रम संशोधन गर्ने सम्बन्धमा ।**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा चालु आ.व. ०७४।७५ को वार्षिक बजेट तथा कार्यक्रम संशोधन गर्ने सम्बन्धमा छलफल गरियो र संशोधित बजेट तथा कार्यक्रम विवरण अनुमोदनका लागि तेस्रो गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

**८) बिबिध**

**(क) बोर्ड बैठक बस्ने सम्बन्धमा ।**

(क) २८ औं बोर्ड बैठकको रुपमा २०७५/३/२२ गते दिउसो २ बजे नियमित बोर्ड बैठक बस्ने निर्णय गरियो ।